नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
Ext: १००९
फ्याक्स: ०१-४५१४३९१

पो.ब.नं.४०७
लाजिम्पाट, काठमाडौं

पत्र संख्या:१-०१-१८-२०८१/०८२
प्रा.प.सं. :

मिति: २०८१/०९/२३ गते।
ने.सं.: ११४५

# प्रेस विज्ञप्ती-२६

## "अबैध कल सेन्टर संचालनमा संलग्न दुई (२) भारतीय नागरिक सहित ५३ जना पक्राउ !!!

भारतीय नागरिकहरुले नेपालीहरुको समेत मिलेमतोमा जिल्ला ललितपुर महानगरपालिका वडा न. १५ सातदोबाटो, स्थित सुरेन्द्र गोपाल श्रेष्ठको पाच तले घरको चौथो तला भाडामा लिई Call Center संचालन गरी नेपाली युवा युवतीलाई धैरै रकम आम्दानी हुने प्रलोभन देखाई गैरकानुनी काममा लगाई रहेको भन्ने बिशेष सुचनाको आधारमा यस केन्द्रिय अनुसन्धान ब्यूरोबाट मिति २०८१/०९/२२ गते खटी गएको प्रहरी टोलीले दुई जना भारतिय नागरिकहरु सहित जम्मा ५३ जना व्यक्तिहरुलाई Call Center मा प्रयोग गरिएका कम्प्यूटर, मोबाईल लगायतका ईलेक्ट्रोनिक्स उपकरणहरु सहित नियन्त्रणमा लिईएको। प्रारम्भिक अनुसन्धानको क्रममा सो कल सेन्टरबाट Singam Lottery, Anna Lottery, Bhau lottery र Indusbet Lottery लगायतका Gambling apps हरुको दुरुपयोग गरी Online Platform Fairgames.slashrtc.in मार्फत कुराकानी गरी Whatsapp मार्फत बिभिन्न Digital Wallet हरुमा रकम जम्मा गर्न लगाइ Online Gambling (सट्टाबाजी) गर्ने गरेको खुल्न आएको। पक्राउ गरिएका भारतीय नागरिकहरु, केही समय अगाडी बिभिन्न देशहरुमा सोही प्रकृतिको कारोबारमा संलग्न भएको र यसै समुहले हाल बिभिन्न सात देशहरुमा समेत अवैध सट्टेवाजी क्रियाकलाप संचालन गरीरहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको। नेपालमा भने बिगत ९ महिना देखि Prolink Tech Solution pvt.ltd. नामक कम्पनि दर्ता समेत गरी कल सेन्टर खोली अवैध Online सट्टेवाजी संचालन गरिरहेको पाईएको। प्रारम्भिक अनुसन्धान पश्चात घटनामा संलग्न मुख्य ७ (२ विदेशी र ५ नेपाली नागरिक) जना उपर **"मुलुकी अपराध संहिता, २०७४ (संशोधन सहित) परिच्छेद ५ दफा १२५ (४) 'सट्टाबाजी गर्न नहुने'** सम्बन्धि कसुर अन्तर्गत मुद्धा दर्ता गरी अनुसन्धान भईरहेको र बाँकी ४६ जना उपर थप अनुसन्धान कार्य भईरहेको।

यस्तै प्रकारको अवैध कारोवार बिभिन्न स्थानहरुमा पनि संचालन हुन सक्ने भएकोले यस्ता गतिबिधीमा आफु संलग्न नहुन र आफना छरछिमेकमा यस्ता अवैध गतिविधी भएमा नेपाल प्रहरीलाई जानकारी गराउन हुन र कुनै पनि रुपमा यस्ता गतिविधीमा संलग्न नुहुन हुन सम्पुर्ण सर्वसाधारणहरुमा यसै विज्ञप्ति मार्फत हार्दिक अनुरोध गर्दछौं।

सम्मानित अदालतबाट म्याद थप भई अनुसन्धान भईरहेका प्रतिवादीहरु:-

| सि.न. | नामथर | ठेगाना | राष्ट्रियता | जिम्मेवारी | कै. |
|---|---|---|---|---|---|
| १. | मनिस कुमार झा | देश भारत, बिहार राज्य मोतिहारी। | भारतीय | Team Leader | |
| २. | राहुल मेगोडा | देश भारत, गुजरात। | भारतीय | Training manager | |
| ३. | मोनी दाहाल | जि. ओखलढुङ्गा देउराली न.पा.-१। | नेपाली | HR manager | |
| ४. | सुस्मिता नेपाली | जि.सिन्धुपाल्चोक पाँचपोखरी थाङपाल गा.पा-१। | नेपाली | Incharge | |
| ५. | रोशन बस्नेत | जि. झापा दमक न.पा.-३ बेलडाँगी । | नेपाली | Manager | |
| ६. | आदित्य कुमार सिंह | जि. काठमाण्डौं म.न.पा.-३५। | नेपाली | IT Support | |
| ७. | सलिन श्रेष्ठ | जि. काभ्रेपलान्चोक बनेपा। | नेपाली | Overall Team Leader | |

**बरामद दशीका प्रमाणहरु:-**

१. मोबाईल ९६ थान
२. ल्यापटप ८५ थान

प्रहरी उपरीक्षक
(होबिन्द्र बोगटी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं.: ९८५१२९१३११